यस विभागले नियमित रुपमा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सरोकारवालाहरुसँग अन्तर्क्रिया कार्यक्रम सञ्चालन गर्दै आएकोमा यही मिति २०७५।१०।२३ गते विभाग तथा भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेडको सह-आयोजनामा सम्पत्ति शुद्धीकरण निवारण ऐन, नियमावली तथा निर्देशनसम्बन्धी कार्यशाला गोष्ठी सम्पन्न भएको छ। उक्त कार्यक्रमको उद्घाटन यस विभागका महानिर्देशक श्री जीवनप्रकाश सिटौलाले गर्नुभएको थियो भने विभागका निर्देशक श्री विनोद लामिछानेले गोष्ठीको मूल विषयवस्तुसहितको प्रस्तुति राख्नुभएको थियो । उक्त गोष्ठीमा संघमा आवद्ध रहेका भक्तपुर जिल्लाका ९० वटा सहकारी संस्थाका १८० जना प्रतिनिधिहरुको सहभागिता रहेको थियो । कार्यक्रममा सहभागीले राखेका जिज्ञासाको समाधानसहितको मन्तव्य विभागका महानिर्देशकले राख्नुभएको थियो ।




"After foreign exchange and the oil industry, the laundering of dirty money is the world's third-largest business."
Jeffrey Robinson,
How Much Is Laundered?
IMF ESTIMATE = 2-5%

